# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, वैशाख ८ गते २०४९ साल (अतिरिक्ताङ्क २(अ)


## भाग ३

श्री ५ को सरकार

सञ्चार मन्त्रालयको

सूचना १

### हुलाक (तेस्रो संशोधन) नियमावली, २०४९

हुलाक नियमावली, २०२० लाई संशोधन गर्न बान्छनीय भएकोले हुलाक ऐन, २०१९ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "हुलाक (तेस्रो संशोधन) नियमावली, २०४९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. हुलाक नियमावली, २०२० को नियम ५ मा संशोधनः हुलाक नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ मा रहेका "हुलाक पत्र एकोहोरो किसिमको हुनेछ" भन्ने शब्दहरू झिकिएका छन्।

३. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(छ) उपर्युक्त बमोजिम नभएको हवाइपत्रलाई चिठ्ठीको मान्यता दिई आन्तरिक हुलाक वस्तु भएमा नपुग महसुलको दोब्बर रकम डेलिभरी गर्दा असूल गरिने छ।"

४. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को–

(१) खण्ड (झ) झिकिएको छ।

(२) खण्ड (ञ) मा रहेका "अधिकतम तौल दुई किलोसम्म" भन्ने शब्दहरूको सट्टा–"अधिकतम तौल एक किलोसम्म" भन्ने शब्दहरू राखिएका छन्।

५. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को–

(१) उपनियम (१) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छ–

"(क) एउटा जिल्ला हुलाक प्रयोग गर्नको लागि दश रूपैयाँ तिरी गोश्वारा हुलाक वा सम्बन्धित जिल्ला हुलाक कार्यालयमा र एक भन्दा बढी जिल्ला हुलाक प्रयोग गर्नको लागि प्रत्येक थप जिल्ला हुलाकको लागि दुई रूपैयाँ तिरी हुलाक सेवा विभाग वा सम्बन्धित क्षेत्रीय हुलाक निर्देशनालयमा हुलाक सेवा विभागद्वारा निर्धारित गरिएको फाराम भरी समाचार पत्र-पत्रिका दर्ता गर्नु पर्नेछ। यसरी दर्ता गराइ दिएको नम्बर समाचार पत्र-पत्रिकाको पहिलो पेज वा अन्तिम पेजमा देखिने ठाउँमा अङ्कित भएको हुनु पर्छ।

(ख) खण्ड (क) बमोजिम समाचार पत्र-पत्रिका दर्ताको लागि दरखास्त गर्दा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट लिइएको दर्ताको प्रमाण-पत्र आफूले समाचार पत्र-पत्रिका दाखिल गर्न चाहेको हुलाकको नाम, तीसजना वास्तविक ग्राहकको नाम र दुईप्रति समाचार पत्र-पत्रिका समेत पेश गर्नु पर्नेछ।

तर नेपाल अधिराज्यभित्रका विदेशी राजदूतावासबाट नेपाल अधिराज्यभित्र प्रकाशित गरेका समाचार पत्र-पत्रिकाको हकमा दर्ताको प्रमाण-पत्र पेश गर्नुपर्ने छैन।"

(२) उपनियम (१) को खण्ड (ग) मा रहेको "हुलाक नियन्त्रण कार्यालय" भन्ने शब्दहरूको सट्टा "हुलाक सेवा विभाग वा क्षेत्रीय हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालय वा गोश्वारा हुलाक" भन्ने शब्दहरू राखिएका छन्।



२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) को खण्ड(घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ –

"(घ) समाचार पत्र-पत्रिकाको दर्ता गर्दा हुलाक हाकिमले तोकेको दिन र समयमा तोकिदिएको हुलाकमा दाखिला गर्नु पर्नेछ । त्यसरी दाखिलाको लागि हुलाक तोक्दा हुलाक हाकिमले जुनसुकै हुलाक पनि तोक्न सक्नेछ ।"

(४) उपनियम (१) को खण्ड (ङ) मा रहेका "टिकट टाँसी" भन्ने शब्दहरू पछि "वा फ्रेङ्किङ्ग गरी" भन्ने शब्दहरू थपिएका छन् ।

(५) उपनियम (१) को खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छ–

"(ज) समाचार पत्र-पत्रिकाको दर्ता प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्म मात्र कायम रहनेछ । यसरी दर्ता भएका समाचार पत्र-पत्रिकाका प्रकाशकले सम्बन्धित कार्यालयमा प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तसम्ममा पाँच रूपैयाँ र प्रत्येक थप जिल्ला हुलाकको लागि एक रूपैयाँका दरले दस्तुर तिरी नवीकरण गराउन पर्नेछ । सो म्यादभित्र नवीकरण नगराएमा सो म्याद समाप्त भएको तीन महिनाभित्र प्रत्येक जिल्ला हुलाकको लागि ६ रूपैयाँ दस्तुर तिरी नवीकरण गर्न सकिनेछ । सो म्यादभित्र पनि नवीकरण नगराएमा त्यस्तो दर्ता स्वतः खारेज हुनेछ ।

(६) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ–

"(३) दर्ता भएको कुनै समाचार पत्र-पत्रिकाको सम्बन्धमा ऐनको दफा १४ को उपदफा (२) र (३) मा उल्लेख भए बमोजिम नभएको देखिन आएमा सम्बन्धित कार्यालयले त्यस्तो दर्ता तुरुन्त रद्द गर्न सक्नेछ ।"

(७) उपनियम (३) पछि देहायको उपनियम (४), (५), (६) र (७) थपिएको छ–

"(४) एक स्थानबाट सहुलियत दरमा चलान भएका सामाचार पत्र-पत्रिका पुनः अर्को स्थानमा सहुलियत दरमा पठाउन सकिने छैन ।

(५) हुलाक दर्ता गरिएका समाचार पत्र-पत्रिका थोकको रूपमा पठाउनु परेमा तौलको आधारमा महसुल लाग्नेछ ।

(६) समाचार पत्र-पत्रिका बाहेक कानून बमोजिम दर्ता भई नियमित रूपले प्रकाशित भैरहेका पत्र-पत्रिकामध्ये साहित्य, कला, संस्कृती, विज्ञान र वातावरण सम्बन्धी शिक्षाप्रद ज्ञानवर्धक र सोधमूलक सामग्री



९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकाँश मात्रामा समावेश भएको आधारमा सञ्चार मन्त्रालयले उपयुक्त ठह्र्याएको पत्र-पत्रिकालाई सहुलियत दरमा हुलाकबाट चलाउनको लागि बुकपोष्ट वा छापा कागजमा लाग्ने महसुलमा पच्चीस प्रतिशत सहुलियत पाउने गरी हुलाक दर्ता गर्न सकिनेछ ।

तर कुनै उद्योग, व्यापार, व्यवसाय वा पेशाको उत्पादन वा सेवा प्रवर्धन गर्ने वा प्रचार-प्रसार गर्ने वा विज्ञापन प्रधान भएका पत्र-पत्रिकालाई त्यस्तो सुविधा दिइने छैन ।

(७) सहुलियत प्राप्त गरिरहेका समाचार पत्र-पत्रिका वा अन्य पत्र-पत्रिकाले यस नियमावली बमोजिम तोकिएका शर्तहरू पालना नगरेमा वा प्रकाशि सामग्रीको आधारमा सुविधा प्राप्त गर्ने आधार पूरा गरेका नदेखिएमा पाइरहेको हुलाक सुविधा दिइने छैन ।"

८. मूल नियमावलीको नियम ३०क.मा संशोधनः मूल नियमावलीको नियम ३०क.को–

(१) उपनियम (१) मा रहेका "हुलाक कार्यालय वा सम्बन्धित हुलाक नियन्त्रण कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "हुलाक कार्यालय वा क्षेत्रीय हुलाक निर्देशनालयमा" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम ३ मा रहेका "एकसय रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "तीनसय रूपैयाँसम्म" भन्ने शब्दहरू राखिका छन् ।

७. मूल नियमावलीको नियम ३२ मा संशोधनः मूल नियमावलीको नियम ३२ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ–

"(१) आन्तरिक हुलाक सेवामा पाँचहजार रूपैयाँसम्म र वैदेशिक हुलाक सेवामा दुई देश बीचको सम्झौता अनुसारको मूल्य भएको बेचबिखन गर्न सकिने वस्तुहरू र पाँचहजार रूपैयाँसम्मको करेन्सी नोट वा सिक्का भएको चिठ्ठी वा पुलिन्दा हुलाक बीमा गरी पठाउन सकिनेछ । यसरी बीमा गर्न सक्ने, बीमा डेलिभरी गर्न सक्ने र बीमाको जनाउ-पत्र बाड्न सक्ने हुलाकहरू महानिर्देशकले तोकिदिए बमोजिम हुनेछ ।

तर नेपाल र भारत बाहेक अन्य देशमा करेन्सी नोट वा सिक्का पठाउन सकिने छैन ।"

८. मूल नियमावलीको नियम ३४ मा संशोधनः मूल नियमावलीको नियम ३४ को उपनियम (१) मा रहेका "टिकट टाँसी" भन्ने शब्दहरू पछि "वा फ्रेङ्किङ्ग गरी" भन्ने शब्दहरू थपिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मूल नियमावलीको नियम ४० मा संशोधन: मूल नियमावलीको नियम ४० को उपनियम (२) झिकिएको छ ।

१०. मूल नियमावलीको नियम ५१ मा संशोधन: मूल नियमावलीको नियम ५१ को सट्टा देहायको नियम ५१ राखिएको छ –

"५१. नपुग महसुल असूल गर्ने: यस नियमावली बमोजिम टिकट टाँस्नु पर्ने हुलाक बस्तुमा कम महसुलको टिकट टाँसेमा वा टिकट नटाँसिएको भएमा त्यस्तो हुलाक वस्तुका सम्बन्धमा बेरङ्ग हुलाक नियमावली बमोजिम हुनेछ ।"

११. मूल नियमावलीको नियम ५७ मा संशोधन: मूल नियमावलीको नियम ५७ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ–

"(३) उपनियम (१) र (२) बमोजिमको हुलाक दाखिलाको प्रमाण-पत्र हुलाक वस्तु क्षति हुन गएको वा हराएको अवस्थामा क्षतिपूर्ति दाबी गर्ने प्रयोजनको लागि प्रमाण मानिने छैन ।"

१२. मूल नियमावलीको नियम ६७ मा संशोधन: मूल नियमावलीको नियम ६७ को सट्टा देहायको नियम ६७ राखिएको छ–

"६७. अधिकारी तोकिएको: ऐनको दफा १९ को प्रयोजनको निमित्त हुलाकबाट चलन गर्दाको अवस्थामा सबै हुलाक वस्तुहरू तलासी लिन वा लिन लगाउन पाउने अधिकार देहायका हुलाक कर्मचारीहरूलाई हुनेछ–

(क) गोश्वारा हुलाक कार्यालयका मुख्य हुलाक हाकिम,
(ख) जिल्ला हुलाक कार्यालयका हुलाक हाकिम,
(ग) बिनिमय हुलाक कार्यालयका हुलाक हाकिम,
(घ) इलाका हुलाक कार्यालयका हुलाक हाकिम र
(ङ) क्षेत्रीय निर्देशक वा क्षेत्रीय निर्देशकले अधिकार सुम्पेको कर्मचारी ।"

१३. खारेजी: मूल नियमावलीको नियम ९ र १२ खारेज गरिएका छन् ।

१४. रूपान्तर: मूल नियमावलीको ठाउँ-ठाउँमा प्रयोग भएको "अञ्चल हुलाक नियन्त्रण कार्यालय" को सट्टा "क्षेत्रीय हुलाक निर्देशनालय" र "नियन्त्रक" भन्ने शब्दको सट्टा "क्षेत्रीय हुलाक निर्देशक" र "डाइरेक्टर" भन्ने शब्दको सट्टा "महानिर्देशक" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

## हुलाक बचत बैङ्क (पहिलो संशोधन) नियमावली, २०४९

हुलाक बचत बैङ्क नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, हुलाक ऐन, २०१९ को दफा ४२ख. ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ –

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "हुलाक बचत बैङ्क (पहिलो संशोधन) नियमावली, २०४९" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. हुलाक बचत बैङ्क नियमावली, २०३३ को नियम २ मा संशोधनः हुलाक बचत बैङ्क नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ङ) पछि देहायको (च) थपिएको छ–

"(च) "समिति" भन्नाले नियम ३ क. बमोजिमको हुलाक बचत बैङ्क सल्लाहकार समिति सम्झनु पर्छ ।"

३. मूल नियमावलीमा नियम ३क. ३ख. र ३ग. थपः मूल नियमावलीको नियम ३ पछि देहायको नियम ३ क. ३ ख. र ३ ग. थपिएका छन् –

"३क. हुलाक बचत बैङ्क सल्लाहकार समितिः (१) हुलाक बचत बैंकलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्ने काममा हुलाक सेवा विभागलाई सहयोग र सल्लाह दिन एक हुलाक बचत बैंक सल्लाहकार समिति रहनेछ ।

(२) समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछ ।

| | |
|---|---|
| (क) सचिव, सञ्चार मन्त्रालय वा निजले तोकेको अधिकृत | – अध्यक्ष |
| (ख) महानिर्देशक, हुलाक सेवा विभाग | – सदस्य |
| (ग) प्रतिनिधि, अर्थ मन्त्रालय | – " |
| (घ) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क | – " |
| (ङ) कार्यालय प्रमुख, धनादेश कार्यालय | – सदस्य-सचिव |

३ख. समितिको कामः समितिको काम देहायबमोजिम हुनेछ–

(क) बैङ्क संचालन गर्नको लागि हुलाक सेवा विभागलाई आवश्यक सल्लाह दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) बैङ्कको काम कारवाहीको अध्ययन र समीक्षा गरी हुलाक सेवा विभागलाई सुझाव दिने र

(ग) यस नियममा उल्लेख भए बमोजिमका अन्य काम गर्ने।

३ग. समितिको बैठकः (१) समितिको बैठक कम्तिमा वर्षको दुई पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(४) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।"

४. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ–

"९. रकम जम्मा गर्ने : बैङ्कमा खाता खोल्न र पटक-पटक जम्मा गर्न आवश्यक पर्ने न्यूनतम रकमको हद तथा बैङ्कमा जम्मा गरी मौज्दात राख्न सकिने अधिकतम रकमको हद समितिको सिफारिशमा हुलाक सेवा विभागले तोकेबमोजिम हुनेछ।"

५. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को–

(१) उपनियम (५) र (६) को सट्टा देहायको उपनियम (५) र (६) राखिएको छ–

"(५) खातामा जम्मा भएको रकममध्येबाट एकैपटक वा पटक-पटक गरी निकाल्न पाउने रकमको परिमाण समितिको सिफारिशमा हुलाक सेवा विभागले तोकेबमोजिम हुनेछ।

(६) खाता खोल्न आवश्यक पर्ने न्यूनतम रकमभन्दा कम रकम खातामा मौज्दात रहने गरी बैङ्कबाट झिक्न पाइने छैन ।"

(२) उपनियम (७) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१) र (२) मा रहेका "स्थानीय पञ्चायत वा वडा समिति" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम १३ मा थप : मूल नियमावलीको नियम १३ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छ–

"(५) बचत बैङ्कसम्बन्धी तथ्यांक बैङ्कको केन्द्रीय लेखा राख्ने कार्यालयले प्रत्येक तीन महिनामा नेपाल राष्ट्र बैङ्कमा पठाउनु पर्नेछ।"

७. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को उपनियम (२) मा रहेका "दुई रूपैयाँ दस्तुर" भन्ने शब्दहरूको सट्टा "पाँच रूपैयाँ दस्तुर" भन्ने शब्दहरू राखिएका छन्।

८. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को उपनियम (१) र (२) को सट्टा देहायको उपनियम (१) र (२) राखिएका छन्–

"(१) बैङ्कमा मौज्दात रहेको रकममा दिइने ब्याजदर समितिको सिफारिशमा श्री ५ को सरकार, सञ्चार मन्त्रालयले तोकेबमोजिम हुनेछ।

तर त्यस्तो ब्याजदर नेपाल राष्ट्र बैङ्कबाट बचत खाताको लागि तोकिदिएको न्यूनतम ब्याजदरभन्दा कम हुने छैन।

(२) खातामा ब्याज चढाउँदा महिना-महिनाको हिसाब गरी प्रत्येक आर्थिक वर्षमा तीन पटक ब्याज चढाइनेछ।"

९. मूल नियमावलीको नियम १७ मा संशोधन : मूल नियमावलीको नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छ–

"१७. बैङ्कको रकम लगानी: बैङ्कमा जम्मा भएको रकम समितिको सिफारिशमा श्री ५ को सरकार, सञ्चार मन्त्रालयले समय-समयमा तोकिदिए बमोजिम लगानी गरिनेछ।"

## सूचना ३

### अतिरिक्त हुलाक (दोश्रो संशोधन) नियमावली, २०४९

अतिरिक्त हुलाक नियमावली, २०३४ लाई संशोधन गर्न बाञ्छनीय भएकोले, हुलाक ऐन, २०१९ को दफा ६९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ–

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम "अतिरिक्त हुलाक (दोश्रो संशोधन) नियमावली, २०४९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. अतिरिक्त हुलाक नियमावली, २०३४ को नियम ३ मा संशोधन: अतिरिक्त हुलाक नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (२) मा रहेको "नियन्त्रकले क्षेत्रीय हुलाक निर्देशनालय-मार्फत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय हुलाक निर्देशकले" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल नियमावलीको नियम ६ मा संशोधन: मूल नियमावलीको नियम ६ को खण्ड (ख) मा रहेका "अञ्चल हुलाक नियन्त्रण कार्यालय" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय हुलाक निर्देशनालय" भन्ने शब्दहरू राखिएका छन्।

४. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को उपनियम ४ मा रहेका "अञ्चल हुलाक नियन्त्रण कार्यालय" भन्ने शब्दहरू झिकिएका छन्

५. मूल नियमावलीको नियम ९ मा संशोधन: मूल नियमावलीको नियम ९ को ठाउँ-ठाउँमा प्रयोग भएका "स्थानीय पञ्चायत" भन्ने शब्दहरूको सट्टा गाउँ बिकास समिति वा नगरपालिका भन्ने शब्दहरू राखिएका छन्।

६. मूल नियमावलीको नियम १३ मा संशोधन: मूल नियमावलीको नियम १३ को–

(१) खण्ड (क) मा रहेका "नियन्त्रक वा" भन्ने शब्दहरू झिकिएका छन्।

(२) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ–

"(ञ) हुलाक सेवा विभाग र क्षेत्रीय हुलाक निर्देशनालयले तोके बमोजिमका अन्य काम गर्ने।"

७. मूल नियमावलीको नियम १९ मा संशोधन: मूल नियमावलीको नियम १९ को उपनियम (३) को ठाउँ-ठाउँमा प्रयोग भएका "क्षेत्रीय हुलाक निर्देशक" भन्ने शब्दहरूको सट्टा "हुलाक सेवा विभागका महानिर्देशक" भन्ने शब्दहरू राखिएका छन्।

८. मूल नियमावलीको अनुसूची १ मा संशोधन: मूल नियमावलीको अनुसूची १ मा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "गाउँ विकास समिति। नगरपालिका" भन्ने शब्दहरू राखिएका छन्।

९. रूपान्तर: मूल नियमावलीको ठाउँ-ठाउँमा प्रयोग भएको "नियन्त्रक" भन्ने शब्दको सट्टा "क्षेत्रीय हुलाक निर्देशक" भन्ने शब्दहरू राखि रूपान्तर गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

### बैरङ्ग हुलाक (पहिलो संशोधन) नियमावली, २०४६

बैरङ्ग हुलाक नियमावली, २०३४ लाई संशोधन गर्न बान्छनीय भएकोले हुलाक ऐन, २०१९ को दफा ७ र ६९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरूको नाम बैरङ्ग हुलाक (पहिलो संशोधन) नियमावली, २०४६ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. बैरङ्ग हुलाक नियमावली, २०३४ को नियम ८ मा संशोधन: बैरङ्ग हुलाक नियमावली, २०३४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को उपनियम (१) मा रहेका "अञ्चल हुलाक नियन्त्रक" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय हुलाक निर्देशक" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीको नियम ९ मा संशोधन: मूल नियमावलीको नियम ९ को ठाउँ ठाउँमा प्रयोग भएको "अञ्चल हुलाक नियन्त्रण कार्यालय" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय हुलाक निर्देशनालय" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
जीतबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।